# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, फाल्गुन १५ गते, २०७९ साल (अतिरिक्ताङ्क ३९

## भाग १

प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ६

# केही प्रदेश ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको ऐन, २०७९

**प्रस्तावनाः** प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन,२०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **विपद् व्यवस्थापन ऐन,२०७५ मा संशोधनः** विपद् व्यवस्थापन ऐन, २०७५ को,-

(१) दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ ।"

(२) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "परिषद्" भन्नाले यस ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।"

(३) दफा २ को खण्ड "(द)" झिकिएको छ ।

(४) दफा २ को खण्ड (न) मा रहेका "नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग" भन्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

शब्दहरुको सट्टा "नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ऐनको ठाउँ ठाउँमा रहेका "प्रदेश विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन परिषद्" र "प्रदेश विपद् व्यवस्थापन समिति" लाई जनाउन उल्लेख भएको "समिति"भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. <u>प्रदेश विपद् व्यवस्थापन परिषद्को काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, रणनीति, मापदण्ड तथा योजना स्वीकृत गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धमा अङ्गिकार गर्नु पर्ने नीति तथा योजनाका सम्बन्धमा कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने,

(ग) विपद् व्यवस्थापनसम्बन्धी विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,प्रदेश नं. १

(घ) विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्न कार्यकारी समितिलाई निर्देशन दिने वा सहजीकरण गर्ने,

(ङ) कार्यकारी समिति, राहत वितरण समितिको निर्णय र तत्काल राहत वितरणसम्बन्धी विपद् हेर्ने मन्त्रालयबाट सम्पादीत कार्यहरुकोसमिक्षा गर्ने,

(च) नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रही विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय,द्धिपक्षीय एवं बहुपक्षीय सहायता परिचालन गर्नेगराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकार तथा अन्य निकायको भूमिका र जिम्मेवारी निर्धारण गर्ने,

(ज) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा नेपाल सरकारसँग समन्वय गरी असुरक्षित भवन भत्काउने, अनसुरक्षित संरचना तथा असुरक्षित प्राकृतिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश न. १

मालबस्तुहरु व्यवस्थापन जस्ता कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने,

(ञ) प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेनावनी प्रणालीको विकास र सञ्चालन गर्नेगराउने,

(ट) विपद् व्यवस्थापनसम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐनबमोजिम गरेका क्रियाकलापका सम्बन्धमा आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संघ-संस्था र प्रतिष्ठानलाई आवश्यक सुझाव वा निर्देशन दिने,

(ठ) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमनसम्बन्धमा आवश्यक कार्य गर्नेगराउने,

(ड) प्रदेश स्तरका विपद् भण्डारण गृहको स्थापना र आवश्यक विपद् सामाग्रीको मौज्दातको व्यवस्थापन गर्ने गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ढ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निमाण र बस्ति स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्नेगराउने,

(ण) आफ्नो कार्यक्षेत्र अन्तर्गतका विपद् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन तयार गर्ने गराउने ।"

(७) दफा ५ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।"

(८) परिच्छेद ३ मा रहेको "कार्यकारी समितिको" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा ६ मा रहेको "कार्यकारी समितिको गठन" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन" भन्ने शब्दहरु राखिएका छन् ।

(१०) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. <u>प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषदबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने, गराउने,

(ख) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारीता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) खोज, उद्धार तथा राहात वितरण कार्यमा प्रभावकारीता ल्याउन सघं, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ङ) आपतकालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा तथा औषधी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवं निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रदेश भण्डारणमा मौज्दातको व्यवस्था गर्ने तथा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिका भण्डारगृहको अवस्था र सोमा रहेको राहत, उद्धार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

लगायतका सामाग्रीको मौज्दातको अनुगमन निरीक्षण गर्ने,

(ठ) प्रचलित कानूनको अधिनमा रही राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ड) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ढ) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ण) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(थ) तत्कालिन/आपत्कालिन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचार हुने व्यवस्था मिलाउने,

(द) विपद् व्यवस्थापनका सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संघ संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संघ संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्न लगाउने,

(ध) विपद् व्यवस्थापन सम्बन्धमा संघीय मापदण्ड समेतलाई आधारमानी प्रादेशिक नीति र योजनाबमोजिम प्रदेशस्तरमा विपद् व्यवस्थापनसम्बन्धी मध्यकालीन तथा अल्पकालिन मापदण्ड, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेगराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(न) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन नेपाल सरकार,नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपालका साथै अन्य प्रदेश, स्थानीय तह र सरकारी तथा गैरसरकारी संघ संस्था वा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,विपद्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण अद्यावधिक गर्ने,

(प) विपद्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण अद्यावधिक गर्ने,

(फ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र बस्ति स्थानान्तरण सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा अन्य कार्य गर्नेगराउने ।"

(११) दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"१०क. <u>प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापनाः</u> (१) विपद् हेर्ने मन्त्रालयले प्रदेशस्तरमा विपद् प्रतिकार्य सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गरी सङ्कलित सूचनाको विश्लेषण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

भण्डारण र आदान प्रदानका लागि प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको काम, कर्तव्य, अधिकार र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र तथा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रले विपद् सम्बन्धी घटनाको सूचना तथा प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ र त्यसरी प्राप्त सूचना तथा प्रतिवेदनलाई प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्रले एकिकृत गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रमा पठाउनु पर्नेछ।"

(१२) दफा १६ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कोषको सञ्चालन विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।"

(१३) दफा १८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

"(१) अनुगमन जाँचबुझ तथा नियमन अधिकारी विपद् हेर्ने मन्त्रालयले तोके बमोजिम हुनेछ।"

(१४)दफा २२ मा रहेको अंक "(१)" झिकिएको छ ।"

३. <u>प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधनः</u> प्रदेश लोक सेवा आयोग ऐन, २०७६को,-

(१) दफा २ को खण्ड (ङ), (ठ) र (ण)को सट्टा देहायकोखण्ड (ङ), (ठ) र (ण) राखिएको छः-

"(ङ) "पदपूर्ति" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, सङ्गठित संस्था, स्थानीय स्वास्थ्य सेवा र स्थानीय सेवाको रिक्त पदमा खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिने पदपूर्ति सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ण) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा(३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सरकारी सेवासम्झनु पर्छ।"

(२) दफा ५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र अन्य सुविधा अनुसूची-२ र ३ बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले अध्यक्ष र सदस्यको मासिक पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिनेछ।"

(३) दफा ६ को उपदफा (३) र (४) को सट्टा देहायको उपदफा (३) र (४) राखिएको छः-

"(३) प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा, स्थानीय स्वास्थ्य सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(४) प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।"

(४) दफा १५ मा उल्लेखित व्यवस्थाको सट्टा सो दफामा देहाय बमोजिमको उपदफा (१) र (२) राखिएको छः-

"(१) आयोगको अध्यक्ष बिदा बसेकोमा वा काज खटिएकोमा त्यस्तो बिदा वा काजको अवधिभर वा अन्य कुनै अवस्था परी निजले कार्यसम्पादन गर्न नपाउने भएमा वा कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

कारणले अध्यक्षको पद रिक्त भएको अवस्थामा त्यस्तो रिक्त पद पूर्ति नभएसम्मको लागि आयोगको वरिष्ठतम् सदस्यले कार्यवाहक अध्यक्ष भई काम गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यबाहक अध्यक्ष भई काम गर्ने व्यक्तिले त्यसरी कार्यबाहक अध्यक्ष भएको अवधिभरको लागि अध्यक्षले पाए सरह पारिश्रमिक र सुविधा पाउनेछ।"

(५) दफा २१ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवाको रिक्त पद पूर्तिका लागि सम्बन्धित निकायले तोकिए बमोजिमको माग फाराममा सम्बन्धित सेवा,समूह,उपसमूह,श्रेणी वा तह,पदसङ्ख्या,कार्यविवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी सहायकस्तर पाँचौ तह वा सो सरहका पदसम्मको हकमा आयोगमा पठाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र सो भन्दा माथिका पदहरुका हकमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् आयोगमा पठाउनु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

"(१क) प्रदेश अन्य सरकारी सेवा र स्थानीय सेवाको रिक्त पदमा पदपूर्तिको लागि सम्बन्धित निकायले तोकिए बमोजिमको माग फाराममा सम्बन्धित सेवा,समूह,उपसमूह,श्रेणी वा तह,पदसङ्ख्या,कार्यविवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाई सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।"

(६) दफा २२ झिकिएको छ।

(७) दफा ४५ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थप गरिएको छः-

"(५) उपदफा (१)वा (२)बमोजिमको अनियमित काम गर्ने कर्मचारीलाई सेवा शर्त सम्बन्धी प्रचलित कानुन वमोजिम विभागीय कारवाही गर्नको लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(६) उपदफा (४)वा (५)बमोजिम आयोगले विभागीय कारवाहीको लागि लेखी पठाएमा आयोगले तोकेको अवधि भित्र अख्तियारवालाले सम्बन्धित

कर्मचारीलाई विभागीय कारवाही गरी सो को जानकारी यथाशिघ्र आयोगलाई दिनु पर्नेछ।"

(८) दफा ४५ पछि देहायको दफा ४५क. थप गरिएको छः-

"४५क. <u>नियुक्ती दिनु पर्नेः</u> (१) दफा ३९ को उपदफा (१) बमोजिम सिफारिस भएको उम्मेदवारलाई सम्बन्धित कार्यालय वा अख्तियारवालाले नियुक्ती दिई काममा लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ती दिई काममा नलगाउने अख्तियारवालालाई कर्मचारीको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाहीको लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।"

(९) दफा ५४ मा उल्लेखित व्यवस्थाको सट्टा सो दफामा देहाय बमोजिमको उपदफा (१) र (२) राखिएको छः-

"(१) प्रदेश सरकारले विनियोजन गरेको रकम प्रचलित कानून बमोजिम आयोगले खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि आयोगको सम्बन्धित खर्च शीर्षकमा विनियोजित बजेटको सीमाभित्र रही अतिरिक्त समयमा खटाएका दक्ष,विज्ञ, सदस्य तथा कर्मचारीलाई आयोगले अतिरिक्त खटेको समयको आधारमा रकम निर्धारण गरी उपलब्ध गराउन बाधा पुर्याएको मानिने छैन ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २

(१०) दफा ६१ मा उल्लेखित व्यवस्थाको सट्टा सो दफामा देहाय बमोजिम राखिएको छः-

"प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुनुपर्ने आयोगसँग सम्बन्धित विषय बाहेक आयोगले आफ्नो काम, कर्तव्यको सम्बन्धमा प्रदेश सरकारको कुनै मन्त्रालय,निकाय,कार्यालय, स्थानीय तह तथा अन्य सार्वजनिक निकायसँग सोझै सम्पर्क राख्न सक्नेछ।

तर सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिनु पर्नेछ।"

(११) दफा ६२ पछि देहायका दफा ६२क., ६२ख., ६२ग., ६२घ., ६२ङ., ६२च., ६२छ., ६२ज., ६२झ., र ६२ञ. थप गरिएको छ।

"६२क. <u>भ्रमण सम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्षले आफ्नो सात दिनसम्मको भ्रमण आदेश आफैंले स्वीकृत गर्न सक्नेछ र सो अवधिभन्दा बढीको भ्रमण आदेश प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

(२) सदस्यको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नेछ।

(३) आयोगका अध्यक्ष र सदस्यले विदेश भ्रमण प्रचलित कानून बमोजिम स्वीकृत गराउनु पर्नेछ।

(४) आयोगका अध्यक्ष र सदस्यलाई स्वीकृत भ्रमणमा जाँदा अनुसूची-२ र ३ मा तोकिए बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराईनेछ।

६२ख. <u>बिदा</u>:लोक सेवा आयोगका अध्यक्ष र सदस्यले देहायका बिदा पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) विरामी बिदा,

(घ) मृत्यु संस्कार बिदा,

(ङ) प्रसुति बिदा, र

(च) प्रसुति स्याहार बिदा।

६२ग. <u>भैपरी आउने र पर्व बिदाः</u> (१) आयोगका अध्यक्ष र सदस्यले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउनेछ।

(२) भैपरी आउने र पर्व बिदा सञ्चित गर्न सकिने छैन।

६२घ. <u>घर बिदाः</u> (१) आयोगका अध्यक्ष र सदस्यले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि"काम गरेको अवधि"भन्नाले काम गरेको दिन,भैपरी आउने र पर्व विदामा बसेको दिन र सार्वजनिक बिदाको दिनलाई जनाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा नब्बे दिनसम्म सञ्चित गरी राख्न सकिनेछ।

(३) आयोगका अध्यक्ष र सदस्यले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिम सञ्चित रहेको घर बिदा वापत आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

६२ङ. बिरामी बिदाः (१) आयोगका अध्यक्ष र सदस्यले प्रत्येक वर्ष बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बिरामी बिदा सञ्चित गर्न सकिनेछ।

(३) आयोगका अध्यक्ष र सदस्यले अवकाश हुँदाका बखत उपदफा (२) बमोजिमको सञ्चित रहेको बिरामी बिदा वापत आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

६२च. मृत्यु संस्कार बिदाः आयोगका अध्यक्ष र सदस्यले आफैं मृत्यु संस्कारमा बस्नु पर्दा कुल,धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको मृत्यु संस्कार बिदा पाउनेछ।

६२छ. प्रसुति बिदाः आयोगका महिला अध्यक्ष र सदस्यले प्रसूतिको अघिपछि गरी अन्ठानब्बे

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

दिन पूरा पारिश्रमिक सहितको प्रसूति बिदा पाउनेछ।

६२ज. <u>प्रसुति स्याहार बिदाः</u> आयोगका अध्यक्ष र सदस्यले पत्नी सुत्केरी हुने भएमा सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन पूरा पारिश्रमिक सहितको प्रसूति स्याहार बिदा पाउनेछ।

६२झ. <u>बिदा दिने अधिकारीः</u> (१) आयोगका अध्यक्ष र सदस्यले आफ्नो भैपरी आउने र पर्व बिदा आँफै लिन सक्नेछ र सोको जानकारी प्रदेश लोक सेवा आयोगको कार्यालयलाई दिनु पर्नेछ।

(२) अध्यक्षले आफ्नो सात दिनसम्मको अन्य बिदा आफैले स्वीकृत गर्न सक्नेछ र सदस्यले अन्य बिदा अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ।

(३) अध्यक्षले आफ्नो सात दिनभन्दा बढीको अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

६२ञ. <u>उपचार खर्चः</u> (१) आयोगका अध्यक्ष र सदस्यले आफू बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः-

(क) स्वदेशको सरकारी अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

लागेको सरकारी अस्पतालको बील बमोजिमको खर्च र सरकारी अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधी खर्च।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) गरिएको हुनु पर्नेछ।

(ख) प्लास्टिक सर्जरी बाहेक सरकारी अस्पतालमा सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कूल सेवा अवधिभर आयोगका अध्यक्ष र सदस्यले पाउने बाह्र महिनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च उपलब्ध गराइने छैन।

(३) आयोगका अध्यक्ष र सदस्यले यस दफा बमोजिम पाउने उपचार खर्च निजलाई वा निजले इच्छाएको व्यक्तिलाई उपलब्ध गराइनेछ। निजको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाईएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो उपचार खर्चको रकम निजको नजिकको हकवालालाई उपलब्ध गराइनेछ।

(४) आयोगका अध्यक्ष र सदस्यले अवकाश प्राप्त गर्दा उपदफा (२) बमोजिम कूल सेवा अवधिभरमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए पदाधिकारीले सेवा गरेको प्रति वर्षको दुई महिनाको मासिक पारिश्रमिकको दरले हुन आउने रकम मध्ये बाँकी रकम पदाधिकारीले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ।

(५) यस दफा बमोजिम उपचार खर्च माग गर्ने आयोगका अध्यक्ष र सदस्यले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ। बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ।

(६) यस दफा बमोजिम आयोगका अध्यक्ष र सदस्यले पाएको उपचार खर्चको विवरण प्रदेश लोक सेवा आयोगको कार्यालयको अभिलेखमा राख्नुपर्नेछ।

४. <u>सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ मा संशोधनः</u> सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को,-

(१) दफा ४ को उपदफा १ को सट्टा देहायको उपदफा (१) राखिएको छ,- "(१) लगानीको वातावरण सृजना गरी आयोजना तथा परियोजना क्षेत्रमा सार्वजनिक निजी साझेदारी तथा लगानीका माध्यमबाट र स्वेदेशी तथा विदेशी लगानी परिचालन गर्न देहाय बमोजिमको एक सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण गठन हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) कानून विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(ग) आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(घ) खानेपानी, सिचाँईतथा उर्जा विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(ङ) सडक, पूर्वाधार र सहरी विकासको विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(च) उद्योग विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(छ) पर्यटन विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(ज) वन र वातावरण विषय हेर्ने मन्त्रालयको मन्त्री – सदस्य

(झ) प्रदेश योजना आयोगको उपाध्यक्ष – सदस्य

(ञ) प्रदेश सचिव, शासकिय सुधार तथा समन्वय महाशाखा,मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय – सदस्य

(ट) प्रदेश सरकारले मनोनयन गरेको कम्तिमा एक महिला सहित तिन जना - सदस्य

(ठ) प्रमुख कार्यकारी निर्देशक – सदस्य सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छ,-

"(४५) नियम बनाउने अधिकारः यो ऐन कार्यान्वयनमा लागि प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ । यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्राधिकरणले आवश्यक कार्यविधि,निर्देशिका र मापदण्ड स्वीकृत गरी लागू गर्ने सक्नेछ ।"

"(४५(१) प्रदेश सरकारले लगानीलाई प्रदेशमा आकर्षण र प्रवर्द्धन गर्न, छुट, मिनाहा, सहुलियत, जग्गा प्राप्ती लगायतका निर्णय तोकिए बमोजिम गर्न सक्नेछ ।

५. <u>प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा संशोधन</u>: प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ कोः-

(१) दफा २ को परिभाषा खण्डको (ठ) झिकिएको छ।

(२) दफा २ को परिभाषा खण्डको (र) मा भएको "प्रदेश नं.१ सडक यातायातसँग" भन्ने शब्दहरुको सट्टा "यातायात हेर्ने" शब्दहरु राखिएका छन्।

(३) दफा ७ को उपदफा (१) मा रहेको "विदेशी पर्यटकलाई" भन्ने शब्दहको अगाडि "स्वदेशी तथा" भन्ने शब्दहरु थपिएको छ।

(४) दफा ८ को उपदफा (२) मा रहेको "सार्वजनिक यातायात" शब्दहरु अगाडि "प्रति व्यक्ति भाडा तोकि लिई" शब्दहरु थपिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) दफा ११ को उपदफा (१) रहेको "निजी सवारीमा" भन्ने शब्द झिकिएको छ।

(६) दफा ११ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३) थपिएको छः-

"(३)सामुदायिक विद्यालय वा सरकारी कलेजको सवारीको प्लेट अनुसूची-२ को खण्ड (घ) र संस्थागत विद्यालय वा निजी कलेजको सवारी साधनको प्लेट अनुसूची -२ को खण्ड (ग) बमोजिम हुनु पर्नेछ।"

(७) दफा १४ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४)उपदफा (१) विपरित सवारी चलाएको वा सञ्चालन भएको पाइएमा त्यस्ता सवारीसाधनलाई जफत दर्ता पश्चात् लिलाम दर्ता प्रक्रियामा लगिनेछ। लिलाम दर्ता प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

(८) दफा १७ को,-

(१) उपदफा (२) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(९) दफा २५ को उपदफा (२) झिकिएको छ ।

(१०) दफा २९ को,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"(१)विदेशमा दर्ता भएको सवारी यस ऐन र प्रचलित कानून बमोजिम अनुमति नलिई चलाउन पाइने छैन" भन्ने शव्दहरुलाई उपदफा (१) मा कायम गरिएको छ।

(२) उपदफा(१) पछि देहायको उपदफा (२) र उपदफा (३) थपिएको छः-

"(२)उपदफा (१) बमोजिम अनुमति नलिई चलाएको पाइएमा वा भन्सार छलि वा चोरी पैठारीमा संलग्न भएको प्रमाणित भएमा वा चोरी गरी चलाएको पाइएमा वा स्वीकृति नलिई हेरफेर गरी चलाएमा त्यस्तो सवारीलाई जफत दर्ता गरिनेछ।

(३) जफत दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(११) दफा ३० को उपदफा (१) मा रहेको "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरुको अगाडि "सार्वजनिक यातायात सेवा बाहेक तोकिएको प्रयोजनको लागि" शब्दहरु थपिएको छ।

(१२) दफा ३१ को उपदफा (१) मा भएको "(४)" को सट्टा "(५)" राखिएको छ।

(१३) दफा ३३ मा रहेको "कुटनीतिक सुविधा प्राप्त सवारी" भन्ने शब्दहरु पछाडि रहेको "र" को सट्टा कमा (,) राखिएको छ। "र निजी सवारीको धनीले" भन्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

शब्दहरुको अगाडि "सार्वजनिक सवारी" भन्ने शब्दहरु थपिएको छ।

(१४) दफा ३७ को,-

(१) उपदफा (११) पछि देहायको उपदफा (१२) थपिएको छः-

"(१२) नयाँ लिने पुरानो दिने (बाइ व्याक मेथड) तोकिए बमोजिम हुनेछ।"

(२) उपदफा १२ पछाडि देहाय बमोजिमको उपदफा (१३) थपिएको छः-

"कम्पनीकानून बमोजिम स्थापना भएका संस्थाहरूले आफ्नो प्रयोजनको लागि खरिद गरी आफ्नो नाममा रहेका सवारी साधनहरूको विक्री पश्चात् नामसारी गर्दा सम्बन्धित कम्पनी वा संस्थाको प्रबन्धपत्र, विनियम वा नियमावलीमा उल्लिखित विक्री प्रक्रिया अनुसारका सम्पूर्ण कागजातहरूसहित बिल/भौचर/रसिद पेश गर्नु पर्नेछ।"

(३) साबिकको उपदफा (१२) लाई उपदफा (१४) नामकरण गरिएको छ।

(१५) दफा ३९ को,-

(१) उपदफा (१) मा रहेको "बाधा पुर्याएको मानिने छैन" भन्ने शब्दहरू पछाडि" स्पष्टीकरणः सामान्य पार्टपुर्जा परिवर्तन भन्नाले उपदफा (१) बमोजिम रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन नहुने गरी सवारीमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

सामान्य मर्मत सम्भार भन्ने बुझ्नु पर्छ" भन्ने शब्दहरू थपिएका छन्।

(२) देहाय बमोजिमको उपदफा (४) थप गरिएको छः-

"उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा जेसुकै कुरा लेखिएको भएता पनि संघीय कानून बमोजिम तोकिएको अवधिसम्म लागू हुने गरी इन्धन प्रणालीमा वातावरण मैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गरिने सवारी साधनको हकमा छुट दिइनेछ।"

(१६) दफा ४८ को,-

(१) उपदफा (१) मा रहेको "तोकिएको ढाँचामा" भन्ने शब्दहरुको अगाडि "कानून बमोजिम" भन्ने शब्दहरु थपिएका छन्। सोही दफामा "अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरुको अगाडि "बमोजिम बिद्युतीय प्रबिधिको माध्यमबाट" भन्ने शब्दहरु थपिएका छन्। सोही दफामा भएको "ढाँचामा" भन्ने शब्दको "मा" झिकिएको छ।

(२) उपदफा (२) मा रहेको "हालसालै खिचिएको दुई प्रति फोटो" र "र निजले चलाउन चाहेको सवारीको सम्बन्धमा मान्यता प्राप्त प्रशिक्षण केन्द्रले दिएको प्रमाणपत्रको प्रतिलिपि" भन्ने शब्दहरू झिकिएका छन्। सोही दफाको "तर दुई पाङ्ग्रे सवारीसाधनको हकमा मान्यता प्राप्त प्रशिक्षण केन्द्रको प्रमाण पत्र आवश्यक पर्ने छैन।" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा (४८) को उपदफा (३) झिकिएको छ।

(१७) दफा ५० मा संशोधनः-

(१) मूल ऐनको दफा ५० मा देहाय बमोजिमको उपदफा (३) थपिएको छः-

"परीक्षणकालभित्र चालकले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तको उल्लङ्घन पाँच पटकभन्दा बढी नगरेमा अधिकार प्राप्त अधिकारीले निजको चालक अनुमतिपत्र स्थायी रूपमा परिणत गरी दिनुपर्छ।"

(२) दफा ५० मा देहाय बमोजिमको उपदफा (४) थपिएको छः-

"उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र बढीमा दसपटक शर्तहरु उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।"

(३) दफा ५० मा देहाय बमोजिमको उपदफा (५) थपिएको छः-

"उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र दस पटक भन्दा बढी शर्तहरु उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र पुनः प्राप्त गर्न अयोग्य नठहरिने गरी निजको चालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।"

(४) दफा ५० मा देहाय बमोजिमको उपदफा (६) थपिएको छः-

"उपदफा (२) बमोजिम सवारी चालकले परीक्षण कालभित्र गर्नुपर्ने शर्तहरु उल्लङ्घन गरे नगरेको सम्बन्धमा अद्यावधिक अभिलेखीकरण गरिनेछ र सोको प्रयोजनार्थ मापदण्डहरू तोकिए बमोजिम हुनेछ।"

(५) मूल ऐनको दफा ५० को उपदफा (३) लाई उपदफा (७) नामकरण गरिएको छ।

(१८) दफा ५१ को,-

(१) दफा ५१ को उपदफा (१) को "दफा ४८ बमोजिम दरखास्त दिएमा" भन्ने शब्दहरूपछि "अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ। तर त्यस्तो व्यक्तिले चालक अनुमतिपत्र लिन कुनै परीक्षा दिनु पर्ने छैन।" भन्ने शब्दहरू थपिएका छन्। सोही उपदफामा रहेको "प्रयोगात्मक परीक्षा लिदा सफल दरखास्तवालालाई अधिकार प्राप्त अधिकारीले चालक अनुमति पत्र दिनुपर्नेछ।" भन्ने शब्दहरु झिकिएका छन्।

(२) देहाय बमोजिमको उपदफा (२) थप गरिएको छः-

"(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिको विदेशको सवारी चालक अनुमतिपत्रको वर्ग नेपालको सवारी चालक अनुमतिपत्रको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

वर्गसँग मेल नखाएमा प्रयोगात्मक परीक्षा लिई सफल दरखास्तवालालाई मात्र अधिकार प्राप्त अधिकारीले चालक अनुमतिपत्र दिनु पर्नेछ।"

(३) मूल ऐनको दफा ५१ को उपदफा (२) लाई उपदफा (३) नामाकरण गरिएको छ।

(१९) दफा ५९ मा रहेको "पालन गर्नु पर्ने शर्तहरु" भन्ने शब्दहरुको पछाडि "पाँच पटक भन्दा बढी दस पटकसम्म" शब्दहरू थपिएका छन्। "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "छ महिनाको लागि"शब्दहरू राखिएका छन्।

(२०) दफा ७१ मादेहाय बमोजिमको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि जारी गरिएको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।"

(२१) दफा ७२ मा रहेको "बाटो निर्धारण" भन्ने शब्दहरू पछाडि "दफा १५१ (१) बमोजिम यातायात व्यवस्थापन समितिले स्थानीय यातायात व्यवस्थापन समितिसँग परामर्श गरी सो समितिको निर्णय बमोजिमको सडकमा मात्र सार्वजनिक सवारीको अनुमति प्रदान गरिनेछ।" भन्ने शब्दहरू थपिएका छन्।

(२) मूल ऐनको दफा ७२ मा रहेको "सोको सूचना"भन्ने शब्दहरूको अगाडिको "गरी" भन्ने शब्दको सट्टा पूर्ण बिराम(।) राखिएको छ।

(२२) दफा ७८ मा रहेको उपदफा (२) रहेको "बढीमा पन्ध्र दिनसम्मको"शब्दहरूको सट्टा "पन्ध्र दिनको"शब्दहरु राखिएको छ।

(२३) दफा ८३ मा रहेको "दुई हजार देखि पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "तीन हजार रुपैयाँ" शब्दहरू राखिएका छन्।

(२४) दफा ९१ को,-

(१) उपदफा (१) मा रहेको "निर्देशनालयमा" भन्ने शब्दको सट्टा "मन्त्रालयको अधिकार प्राप्त अधिकारीकोमा" भन्ने शब्दहरू राखिएका छन्।

(२)मूल ऐनको दफा ९१ को उपदफा (२) मा रहेको "निर्देशनालयमा" भन्ने शब्दको सट्टा "मन्त्रालयमा" भन्ने शब्द राखिएको र "निर्देशनालय समक्ष" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयको अधिकार प्राप्त अधिकारी समक्ष" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा ९१ को उपदफा (३) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालयको अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरू राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२५) दफा ९२ को उपदफा (२) र (३) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालयको अधिकार प्राप्त अधिकारी" भन्ने शब्दहरू राखिएका छन्।

(२६) दफा ९४ को उपदफा (१) मा "एक परामर्श समिति गठन गर्नेछ" भन्ने शब्दहरूको पछाडि" मन्त्रालयले गठन गरेको सो समितिले यातायात व्यवस्था विभागले कायम गरेको अन्तर प्रदेश स्तरीय भाडा निर्धारणलाई समेत आधार मानी भाडा दर सिफारिस गर्नेछ।" भन्ने शब्दहरू थपिएका छन्।

(२७) दफा ९६ मा रहेको "यात्री टिकटको ढाँचा" शब्दहरूको पछाडि "र भुक्तानी प्रणाली" शब्दहरू थपिएका छन्। "यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरू पछि "र भुक्तानी नगद बमोजिम वा विद्युतीय प्रणाली मार्फत गर्न सकिनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(२८) दफा ११३ को,-

(१) दफा ११३ मा रहेको सवारीको गति निर्धारणः पछि "(१)" थपिएको छ र सो पछि रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ। उपदफा (१) मा भएको "सवारी चलाउनु हुँदैन" भन्ने शब्दहरूको सट्टा "सवारी चलाउन पाइने छैन" शब्दहरू राखिएको छ। त्यसपछि ऐजन दफामा "निर्धारण गरिएको गति भन्दा बढी वेगमा सवारी चलाएको मन्त्रालय वा मन्त्रालय मातहतका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

निकायको अनुगमनबाट प्रमाणित भए सानो सवारीलाई पाँच सय देखि एक हजार सम्म र अन्यलाई दुई हजार देखि पाँच हजार सम्म जरिवाना हुनेछ।" भन्ने शब्दहरू थप गरिएको छ।

(२) मूल ऐनको दफा ११३ को उपदफा (२) मा रहेको "निर्देशनालयले" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२९) दफा ११४ को,-

(१) दफा ११४ मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "यातायात हेर्ने मन्त्रालय" भन्ने शब्द राखेर उपदफा (१) कायम गरिएको छ।

(२) दफा ११४ को देहाय बमोजिमको उपदफा (२) थपिएको छः-

"उपदफा (१) बमोजिम सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाएको नचलाएको अनुगमन मन्त्रालय वा मन्त्रालय मातहतको निकायले गर्नेछ।"

(३) दफा ११४ को देहाय बमोजिमको उपदफा (३) थपिएको छः-

"उपदफा (२) बमोजिम अनुगमन गर्दा निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ९

कसैले सवारी चलाएको वा चलाउन लगाएको प्रमाणित भए तीन हजार देखी पाँच हजारसम्म जरिवाना हुनेछ।"

(३०) दफा ११५ को,-

(१) उपदफा (१) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) मा रहेको "प्रकाशित गर्नेछ" भन्ने शब्दहरुको अगाडि "हरेक वर्ष श्रावण पहिलो हप्ताभित्र" भन्ने शब्दहरु थपिएका छन्।

(३१) दफा ११६ को ठाउँ ठाउँमा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(३२) दफा ११७ को उपदफा (१) र उपदफा (२) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ। उपदफा (१) र (२) मा रहेको "ट्राफिक संकेतहरु" भन्ने शब्दहरूको पछाडि "र ट्राफिक लाइटहरू" भन्ने शब्दहरू थपिएका छन्।

(३३) दफा ११९ को,-

(१) दफा ११९ मा रहेको "स्थानीय तहका पदाधिकारी" भन्ने शब्दहरुको पछाडि "यातायात व्यवसायीको प्रतिनिधी" भन्ने शब्दहरु थपेर उपदफा (१) बनाईएको छ।

(२) "पार्किङ स्थान तथा सवारी बिसौनी निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरू थपेर उपदफा (२) बनाईएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३४) दफा १३६ को उपदफा (२) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(३५) दफा १३८ मा संशोधनः- (१) दफा १३८ मा देहाय बमोजिमको उपदफा (१) कायम गरिएको छः-

"यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकतानुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।"

(२) दफा १३८ मा देहाय बमोजिमको उपदफा (२) कायम गरिएको छः-

"उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १६२ (१) मा उल्लेख भए बमोजिमको काम कारबाही भएको देखिएमा त्यस्तो गर्नेलाई तत्काल सो दफाको (२) मा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।"

(३६) दफा १४४ मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा १४४ मा रहेको "ट्राफिक संकेत" भन्ने शब्दहरुको अगाडि "सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामूलक सूचनाहरु," भन्ने शब्दहरु थपिएको छ।

(३) मूल ऐनको दफा १४४ मा रहेको "ट्राफिक संकेत" भन्ने शब्दहरूको पछाडि "र ट्राफिक लाइट" भन्ने शब्दहरू थपिएका छन्।

(३७) दफा १५० मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा १५० (ङ) मा रहेको "ट्राफिक संकेत" भन्ने शब्दहरूको पछाडि "र ट्राफिक लाइटहरू" भन्ने शब्दहरू थपिएका छन्।

(३८) दफा १५१ को,-

(१)उपदफा (१) को खण्ड (क) मा रहेको "निर्देशक, प्रदेश यातायात व्यवस्था निर्देशनालय" भन्ने शब्दहरूको सट्टा "महाशाखा प्रमुख, मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (ज) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (१) को खण्ड (ज) मा रहेको "यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख" भन्ने शब्दहरुको सट्टा "शाखा अधिकृत" भन्ने शब्दहरु राखिएको छ।

(३९) दफा १५३ को उपदफा (१) को खण्ड (ग) र उपदफा (४) मा रहेको "निर्देशनालयले" भन्ने शब्दको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४०) दफा १५४ को उपदफा (१) मा संशोधनः- दफा १५४ को उपदफा (१) मा रहेको "प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(४१) दफा १५६ को,-

(१) उपदफा (१), (२) र उपदफा (३) को ठाउँ-ठाउँमा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) मूल ऐनको दफा १५६ को उपदफा (१) मा रहेको "अनुमति लिनुपर्नेछ।" भन्ने शब्दहरूको पछाडि "त्यस्ता अनुमति प्राप्त प्रशिक्षण केन्द्र मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।" भन्ने शब्दहरू थपिएका छन्।

(४२) दफा १५७ को,-

(१) उपदफा (१) मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(२) दफा १५७ मा देहाय बमोजिमको उपदफा (२) थपिएको छः-

“उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा दर्खास्त दिनु पर्ने छ।"

(३) दफा १५७ मा देहाय बमोजिमको उपदफा (३) थपिएको छः-

"उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले संचालन गर्न खोजेको कारखाना तथा वर्कसप संचालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी मन्त्रालयले त्यस्तो कारखाना तथा वर्कसप संचालन गर्न अनुमति दिन सक्नेछ।"

(४) दफा १५७ मा देहाय बमोजिमको उपदफा (४) थपिएको छः-

"त्यस्ता अनुमतिप्राप्त वर्कशपहरू मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।"

(५) "कारखाना तथा वर्कशप सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" भन्ने मूल ऐनको उपदफा (२) लाई उपदफा (५) कायम गरिएको छ।

(४३) दफा १६० उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ,

"(१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिवाना हुनेछ । सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाच हजार रुपैया जरिवाना हुनेछ।"

(४४) दफा १६१ उपदफा (२) मा रहेको "उपदफा (१) बमोजिम" भन्ने शब्दहरुको अगाडि "विमा भएको अवस्थामा विमा करारमा भएको व्यवस्था बमोजिम र विमा नभएको अवस्थामा" भन्ने शब्दहरु थपिएका छन्।

(४५) दफा १६२ को,-

(१) उपदफा (२) मा रहेको "एक हजार" शब्दहरूको सट्टा "पाँचसय", "एक हजार पाँचसय" को सट्टा "एक हजार" र “रु. दुई हजार" को सट्टा "रु. एक हजार पाँच सय" शब्दहरू राखिएका छन्। सोही उपदफाको "बमोजिमको" भन्ने शब्दहरुको पछाडि "उपदफा (१) खण्ड (छ) र (ण) बाहेक" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (७) मा रहेको "दुई हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा “एक हजार रुपैयाँ" र "सात दिनको”भन्ने शब्दहरूको सट्टा "एक महिनाको” भन्ने शब्दहरू राखिएका छन्।

(४६) दफा १६८ मा रहेको "वा निर्देशनालय" भन्ने शब्द झिकिएकोछ।

(४७) दफा १६९ मा ठाउँ ठाउँमा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(४८) दफा १७० मा रहेको "निर्देशनालय" भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(४९) दफा १७० को,-

(१) उपदफा (१) मा भएको व्यवस्थाको सट्टा "दफा १५९ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२ को परिच्छेद-१२ मा उल्लिखित म्यादभित्र, दफा १६० अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२, परिच्छेद-१४ मा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।" भन्ने व्यवस्था गरिएको छ।

(२) मूल ऐनको दफा १७० को उपदफा (२) मा भएको व्यवस्थाको सट्टा "दफा १५९ र १६० अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ।

६. <u>प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ मा संशोधनः प्रदेश औद्योगिक ऐन, २०७७ को,-</u>

(१) दफा २ को,-

(क) खण्ड (ख) मा राखिएको "निर्देशनालय वा"भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (झ) झिकिएको छ ।

(ग) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

"(थ१) "समन्वय समिति" भन्नाले जिल्लास्तरमा लगानी प्रवर्द्धन गर्न तथा उद्योग स्थापनालाई प्रश्रय दिन ऐनको दफा २३ बमोजिम गठन हुने जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति सम्झनुपर्छ। "

(२) दफा ३ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित संघीय कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिने छ ।

तर प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने उद्योग भए तापनि यो ऐन प्रारम्भ हुनु अघि संघीय कानून बमोजिम संघीय निकायमा दर्ता भई प्रदेशलाई हस्तान्तरण गरिएका उद्योगले उद्योग प्रशासन सम्वन्धी कार्य गर्दाका बखत उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गराई सोको निस्सा लिनु पर्नेछ।"

(ख) उपदफा (४) मा रहेका"तर त्यस्तो उत्पादनको केही भाग मूल उद्योगले उत्पादन गर्ने मात्राको चालिस प्रतिशत भन्दा बढी हुनु हुँदैन।" भन्ने शब्दहरु झिकिएको छ।

(ग) उपदफा (५)झिकिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) दफा ५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय बाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट जानकारी पाएको भए जानकारी पाएको मितिले तीस दिन भित्र प्रचलित कानूनले तोकेको निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।"

(४) दफा ६ को,-

(क) उपदफा (१) मा रहेको "दफा ४ को उपदफा (६)" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (५)" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ताको प्रमाणपत्र दिए तापनि प्रचलित वातावरण सम्वन्धी ऐनले वातावरणीय अध्ययन गर्नुपर्ने भनी तोकेका उद्योगको हकमा वातावरणीय अध्ययन प्रतिवेदन तोकिएको निकायबाट स्वीकृत नगराई त्यस्तो उद्योगले आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न पाइने छैन र वातावरणीय अध्ययन सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।"

(ग) उपदफा (३) को खण्ड (क) को "अधिकृत" भन्ने शब्दको सट्टा "कूल" भन्ने शब्द राखिएको छ ।

(५) दफा ७ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योगले उद्योग दर्ता गर्नको लागि निवेदन दिँदा उद्योग स्थापना तथा सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अबलम्बन गर्ने स्वघोषणा गर्नु पर्नेछ र वातावरणीय अध्ययन गर्नु नपर्ने तर वातावरणमा प्रतिकूल प्रभाव पर्ने खालको उद्योग भए उद्योग दर्ता गर्ने निकायको प्रमुखबाट प्रचलित वातावरण सम्बन्धी कानून अनुसार वातावरण व्यवस्थापन योजना स्वीकृत गराएर मात्र व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।"

(६) दफा ८ को,-

(क) उपदफा (१) को "जानकारी" भन्ने शब्दको पछि "व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) उपदफा (६) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय बाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट

जानकारी पाएको भए प्रचलित कानूनले तोकेको निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

(७) दफा १० मा रहेको "निर्देशनालय मार्फत" भन्ने शब्दहरु झिकिएका छन् ।

(८) दफा १६ को उपदफा (३) को "विभागमा" भन्ने शब्दको सट्टा "उद्योग दर्ता गर्ने निकायमा" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा २१ को उपदफा (१) को खण्ड (ण) झिकिएको छ ।

(१०) दफा २२ को उपदफा (१) को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) उद्योग तथा वाणिज्य प्रशासनसँग सम्वन्धित कानूनको कार्यान्वयनका क्रममा देखिएका समस्याको समाधानका लागि निर्णय गरी बाधा अड्काउ फुकाउने।"

(११) दफा ३१ को उपदफा (१) को "अधिकतम स्थिर पूँजि रु. दश लाखसम्म" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म कूल पूँजी" भन्ने शब्दहरु राखिएका छन् ।

(१२) दफा ५० को उपदफा (२) मा रहेको "निर्देशनालयको सिफारिसमा"भन्ने शब्दहरु झिकिएका छन् ।

(१३) दफा ६० को उपदफा (१) को "यो ऐन प्रारम्भ भएको नब्बे दिनभित्र" भन्ने शब्दहरु झिकिएका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २

(१४) दफा ६२ को,-

(क) उपदफा (१) मा रहेको "निर्देशनालयको निर्देशक वा"भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मन्त्रालय वा निर्देशनालय वा उद्योग दर्ता गर्ने निकायको प्रमुखलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

(१५) दफा ६४ को "परेमा" भन्ने शब्द पछि 'बोर्ड वा" भन्ने शब्दहरु थपिएका छन् ।

(१६) दफा ६९ को "प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(१७) दफा ७० को "औद्योगिक व्यवसाय ऐन, २०७३ " भन्ने शब्दहरुको सट्टा " औद्योगिक व्यवसाय ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन् ।

(१८) ऐनको ठाउँ ठाउँमा रहेका "औद्योगिक विकास तथा प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरुको सट्टा "प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

७. <u>प्रदेश नं. १ नीजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ मा संशोधनः</u>

प्रदेश नं. १ नीजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को,-

(१) दफा २ मा संशोधन,-

(क) खण्ड (च) झिकिएको छ ।

(ख) खण्ड (ढ) मा रहेको रहेको "निर्देशनालय वा"भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ३ सट्टा देहायको दफा ३ राखिएको छ,-

"३. <u>दर्ता नगरी व्यापार व्यवसाय गर्न नहुनेः</u>कसैले यस ऐन बमोजिम दर्ता नगराई प्रदेश भित्रको व्यापार व्यवसाय संचालन गर्न वा गराउन हुँदैन र त्यसरी दर्ता नभएको फर्म, कम्पनी वा संस्थाको नामबाट गरिएको व्यापार व्यवसायसँग सम्वन्धित लेनदेन र अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन।

तर संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यापारिक बाहेकको प्रयोजनका लागि प्रचलित संघीय कानून बमोजिम दर्ता गराई संचालनमा रहेका व्यापार व्यवसाय सम्वन्धी फर्म, कम्पनी वा संस्था र प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका वाणिज्य सम्वन्धी बैंक तथा वित्तीय वा बीमा वा विज्ञापन व्यवसायको लागि यो दफा लागू हुने छैन ।"

(३)दफा ७ को सट्टामा देहायको दफा ७ राखिएको छः-

"७. छुट्टै फर्म दर्ता गर्नुपर्ने: उद्योग सञ्चालन गर्ने उद्देश्यले दर्ता भई सञ्चालनमा रहेको फर्म वा उद्योगले वाणिज्य सम्वन्धी कारोबार गर्नुपर्ने भएमा त्यस्तो फर्म वा उद्योगले यस ऐन बमोजिम छुट्टै फर्म दर्ता गर्नु पर्नेछ ।"

(४) दफा ८ र ९ झिकिएको छ ।

(५) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. फर्मले व्यवसाय प्रारम्भ गरेको जानकारी दिनुपर्ने: (१) यस ऐन बमोजिम दर्ता गरी प्रमाणपत्र प्राप्त गरेको फर्मले प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्रमा आफ्नो व्यवसाय प्रारम्भ गर्नु पर्नेछ र व्यापार व्यवसाय प्रारम्भ गरेको पैंतिस दिन भित्रमा सोको जानकारी मन्त्रालयले तोकेको अधिकारी वा निकाय र सम्वन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

(२) कुनै फर्मले उपदफा (१) बमोजिम आफ्नो व्यवसाय प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा अगाडि त्यस्तो अवधि बढाउनका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त हुन आएमा र दरखास्तमा उल्लिखित कारण मुनासिव देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

त्यस्तो व्यवसाय प्रारम्भ गर्ने अवधि दुई महिनाको लागि थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वढाइएको अवधिभित्र सम्वन्धित फर्मले आफ्नो व्यवसाय प्रारम्भ गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन दरखास्त नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्रमा यस ऐन बमोजिम दर्ता गरी प्रमाणपत्र लिएको फर्मले आफ्नो व्यवसाय प्रारम्भ नगरेमा त्यस्तो फर्मलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।"

(६) दफा १२ को सट्टामा देहायको दफा १२ राखिएको छः-

"१२. फर्म अभिलेखीकरण सम्वन्धी व्यवस्थाः (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै संघीय कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका र यो ऐन जारी भएपछि तोकिएको अवधिमा अभिलेखीकरण गराउन नसकेका फर्मको नवीकरण गर्दा वा विवरण बुझाउँदा वा उद्योग प्रशासनसँग सम्वन्धित कुनै कार्य गर्नु गराउनुपूर्व उद्योग दर्ता गर्ने निकायले फर्मको अभिलेखीकरण गराउनु पर्नेछ ।

(२) मन्त्रालयले तोकेको अधिकारी वा निकायले उपदफा (१) बमोजिम फर्मको अभिलेखीकरण गर्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

प्रतिलिपी प्रमाणपत्र सरहको दस्तुर लिई अभिलेखीकरणको निस्सा स्वरुप यस ऐन तथा ऐन अन्तर्गत वन्ने नियम बमोजिमको ढाँचा अनुरुपको प्रमाणपत्र सम्वन्धित फर्मलाई दिनु पर्नेछ ।"

(७) दफा १३ को उपदफा (१) मा "दर्ता" भन्ने शब्दपछि राखिएका "वा दफा १२ बमोजिम अभिलेखीकरण" भन्ने शब्दहरु झिकिएका छन् ।

(८) दफा १५ को सट्टामा देहायको दफा १५ राखिएको छः-

"१५. विवरण उपलब्ध गराउनु पर्नेः (१) यस ऐन बमोजिम दर्ता तथा अभिलेखीकरण भएका फर्मले आफ्नो व्यवसाय प्रारम्भ गरेपछि आफूले गरेको कारोबारको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले सात महिनाभित्र फर्म दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम पेश गर्नु पर्नेछ।

(१) उपदफा (१) बमोजिमको अवधिमा विवरण उपलब्ध नगराउने फर्मलाई उद्योग दर्ता गर्ने निकायले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।"

(९) दफा १७ को,-

(क)उपदफा (१) को खण्ड (घ) मा "वन्द गरेमा वा" भन्ने शब्दहरु पछि "दफा१० बमोजिम कारोबारको जानकारी नगराएमा" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (२) को “खण्ड (च)” र “खण्ड (छ)” झिकिएका छन् ।

(ग) उपदफा (२) मा रहेको ",(च) र (छ)" झिकिएका छन्।

(घ) उपदफा (२) मा रहेको ",(ङ) र (च)" झिकिएका छन् ।

(१०) दफा १८ को उपदफा (१) को,-

"(क) खण्ड (ग) मा "वन्द गरेमा वा" भन्ने शब्दहरु पछि रहेका "दफा १० बमोजिमकोजानकारी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई नगराएमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख)खण्ड (ङ) र खण्ड (च) झिकिएको छ।"

(११) दफा १९ मा संशोधन,-

(क) उपदफा (१) मा रहेको "ढाँचामा" भन्ने शब्द पछि रहेका "निर्देशनालयले मन्त्रालयमा र निर्देशनालय बाहेक अन्य निकाय भए निर्देशनालय मार्फत" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा (२) मा "मन्त्रालय" भन्ने शब्द पछि रहेका "र निर्देशनालय" भन्ने शब्दहरु झिकिएका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ९

(१२) दफा ३७ को,-

(क) खण्ड "(ख)" झिकिएको छ ।

(ख)खण्ड (घ) को “अनुमति नलिई”भन्ने शब्दहरू झिकिएका छन्।

(१३) दफा ३८ को,-

(क) "उपदफा (२)" झिकिएको छ।

(ख) उपदफा (३) को "खण्ड (ग)" पछि रहेको ",(घ)" झिकिएको छ ।"

(१४) दफा ४५ मा रहेका "वा निर्देशनालय" भन्ने शब्दहरु झिकिएका छन् ।

(१५) दफा ४६ मा रहेका "वा निर्देशनालय" भन्ने शब्दहरु झिकिएका छन् ।

(१६) ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "नीजि" भन्ने शब्दहरुको सट्टा "निजी"।

(ख) "अधिकृत पूँजी" भन्ने शब्दहरुको सट्टा "कूल पूँजी"।

८. <u>प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७मा संशोधनः</u> प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को,-

(१) दफा २ मा देहायको खण्ड (१ङ) थपिएको र खण्ड (च) को सट्टामा देहायको खण्ड (च) राखिएको छः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

"(१ङ) "प्रोत्साहन अनुदान" भन्नाले मापदण्डमा उल्लेख गरिएको क्षेत्रफल र परिमाणमा कृषि तथा पशुपन्छीजन्य उपज उत्पादन गरे वापत पाउने नगद अनुदान सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले कृषि विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।"

(२) दफा ४ को उपदफा (२) को खण्ड (ङ) सट्टामा देहायको खण्ड (ङ) राखिएको छ।

“(ङ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धी कार्य गर्दा बैंकबाट लिएको ऋणको व्याज वापतको रकम अनुदान,

तर एकै अनुदानग्राहीलाई खण्ड (क), (ख) र (ग) मा उल्लेख भए बमोजिमको अनुदान वा खण्ड (ङ) बमोजिमको व्याज वापतको रकम अनुदान मध्ये एक अनुदान मात्र उपलब्ध गराईनेछ ।“

(३) दफा ६ को खण्ड (छ) को सट्टामा देहायको खण्ड (छ) थपिएको छ ।

“(छ) संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजना मध्येबाट एकै पटक पाँच लाख रुपैंया वा सो भन्दा वढी रकम अनुदान लिएको अनुदानग्राही वा निजको एकाघरको परिवारलाई तीन बर्षसम्म मन्त्रालय र मातहतका निकायबाट अनुदान उपलब्ध गराईने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तर प्रोत्साहन अनुदानको हकमा यो व्यवस्थाले अनुदान उपलब्ध गराउन वाधा पर्ने छैन।“

(४) दफा ६ मा देहायको खण्ड (१ज) थपिएको छ ।

“(१ज) अनुदानग्राही छनौट गर्दा प्रदेश सरकार र अन्य सरकारबाट हालसम्म कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कुनै पनि अनुदान प्राप्त नगरेका अनुदानग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।“

९. <u>रुपान्तरः</u> (१) प्रचलित प्रदेश कानूनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "कृषि मन्त्रालय" को सट्टा "कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय।"

(ख) "वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय" को सट्टा सम्बन्धित विषय हेर्ने मन्त्रालय।"

(ग) "यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय" को सट्टा सम्बन्धित विषय हेर्ने मन्त्रालय।"

(घ) "पर्यटन तथा संस्कृति मन्त्रालय"को सट्टा सम्बन्धित विषय हेर्ने मन्त्रालय ।"

(ङ) "उद्योग, श्रम तथा रोजगार मन्त्रालय"को सट्टा सम्बन्धित विषय हेर्नेमन्त्रालय ।"

(च) "भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय"को सट्टा सम्बन्धित विषय हेर्ने मन्त्रालय।"

(छ) "भौतिक पूर्वाधार विकास मन्त्रालय"को सट्टा सम्बन्धित विषय हेर्ने मन्त्रालय।"

प्रमाणिकरण मितिः- २०७९/११/१५

आज्ञाले,
उमेश बस्नेत
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**